## मस्यौदा लेखनदेखि...

भूमाफियाहरूको स्वार्थअनुकूल जग्गामा हदबन्दी छुट दिने तथा सोही जग्गा प्लटिङ गरी बिक्रीवितरण गर्न दिने विषय ल्याइएपछि सांसदहरूले तीव्र विरोध गरे। केही विषय संशोधन भएका छन्। तर, अझैपनि घुमाउरो पारामा जग्गाको हदबन्दी ऐनमा नतोकी 'सूचित आदेश'ले तोक्ने भनेर सरकारले पछि आफूअनुकूल तोक्न सक्ने गरी छिद्र राखेर सरकारले प्रतिवेदन तयार पारेको छ। सांसदहरूको असन्तुष्टि कायमै छ।

पृष्ठ ७ बाट क्रमशः



नोटः ऋणी तथा प्रोप्राइटर बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिका नाम ऋणी तथा प्रोप्राईटरको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-( रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।

२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पत्ति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पत्तिको स्वामित्व बैंकले लिन सक्नेछ ।

३) लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।

४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।

५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

बिक्रिमा रहेको घर /जग्गाको स्थान पहिचनको लागि Googlemap

पुनश्चः ऋणी एवं धितो लेखिदिनेलाई सुचना:

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुनः अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पत्तिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।



"Access to All"

गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था

**केन्द्रीय कार्यालयः** काठमाण्डौ-२, लाजिम्पाट
**फोन :** ०१-४५४५४२४/२५/२६
**वेभसाइटः** www.garimabank.com.np

### गरिमा विकास बैंक लिमिटेडको गैर बैंकिङ्ग सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ (सात) दिने सूचना

**(सूचना प्रकाशित मितिः २०८२/०५/०२)**

गरिमा विकास बैंक लिमिटेडको स्वामित्वमा रहेको तपसिल बमोजिमको गैर बैंकिङ्ग सम्पत्तिहरु जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा खरिद गर्न इच्छुक व्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट उपलब्ध गराईने बोलपत्र फाराममा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ **(सात) दिनभित्र** कार्यालय समयमा विकास बैंकको केन्द्रीय कार्यालय, लाजिम्पाट काठमाण्डौ, क्षेत्रीय कार्यालयहरु वा आफूलाई पायक पर्ने शाखा कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र फाराम रितपूर्वक भरी पेश गर्नुहुन आव्हान गरिन्छ । विकास बैंक समक्ष प्राप्त हुन आएका बोलपत्रहरु तपसिलमा उल्लेखित मिति, समय र स्थानमा खोलिने हुँदा सोही स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलकबोलकर्ता वा निजको आधिकारीक प्रतिनिधिहरुलाई यसै सूचनाद्वारा सूचित गरिएको छ। थप जानकारीको लागि कार्यालय समयभित्र विकास बैंकको केन्द्रीय कार्यालय, लाजिम्पाट काठमाण्डौमा सम्पर्क गर्न सकिनेछ ।

**तपसिल**

**गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम रहेका गैर बैंकिङ्ग सम्पत्तिहरुको विवरण**

| क्र.सं. | शाखा कार्यालय | सम्पत्तिको विवरण | सम्पत्तिको प्रकार |
|---|---|---|---|
| १ | वालिङ शाखा | मालपोत कार्यालय वालिङ, स्याङ्जामा गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम रहेको स्याङ्जा जिल्ला वालिङ न.पा.-१ स्थीत कि.नं. ५४७५ र ५४७७ को क्षेत्रफल क्रमशः ०-२-३-२ र ०-०-०-१ (रो.आ.पै.दा) भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिग लगापात समेत । | घर/जग्गा |
| २ | बिराटनगर शाखा | मालपोत कार्यालय बिराटनगर, मोरङमा गरिमा विकास बैंकको नाममा दर्ता श्रेस्ता कायम रहेको मोरङ जिल्ला जतुवा कठकुप्पा गा.वि.स.-१/क स्थित कित्ता नं. ६००० र ६००२ को क्षेत्रफल क्रमशः ०-०-९-२ र ०-०-१-२ (बिघा) भएको घर/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | घर/जग्गा |

**शर्त बन्देजहरु :**

१. गोप्य शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन (मितिः २०८२/०५/०८) भित्र विकास बैंकका शाखा कार्यालयहरु वा क्षेत्रीय कार्यालयहरु वा प्रधान कार्यालयमा आइपुग्ने गरी पेश गर्नु पर्नेछ ।
२. प्राप्त बोलपत्रहरु मिति २०८२/०५/११ गते बुधबार दिनको ५:०० बजे विकास बैंकको शाखा/क्षेत्रीय कार्यालय/केन्द्रीय कार्यालयमा उपस्थित प्रतिनिधि, बोलपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाइएका सबै प्रतिनिधि, बोलपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित भएपनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन ।
३. बोलपत्र बुझाउने/बोलपत्र खोल्ने अन्तिम दिन बिदा परेमा लगत्तै विकास बैंक खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ ।
४. उल्लेखित सम्पत्ति जे-जस्तो अवस्था र परिमाणमा रहेको छ बोलपत्रदाताले सोही अवस्था र परिमाणमा खरिद गरी लिने गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
५. बोलपत्रदाताले आफुले खरिद गर्न चाहेको सम्पत्तिको बोलपत्रमा कबोल गरेको अंकको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत बैंकमा बुझाएको सक्कल रसिद, भौचर वा सो रकम बराबरको विकास बैंकको नाममा खिचिएको Good for payment cheque/manager cheque शिलबन्दी बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ ।
६. बोलपत्रमा आफुले कुन-कुन सम्पत्ति के-कति दर र रकममा खरिद गरी लिन चाहेको हो सो को विवरण अंक र अक्षरमा स्पष्ट खुलाउनु पर्नेछ । बोलपत्र पेश गर्दा फरक फरक सम्पत्तिका लागि फरक फरक बोलकबोल रकम उल्लेख गर्नु पर्नेछ ।
७. बोलपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा निहित रहनेछ ।
८. म्याद नाघी, रीत नपुगी वा अमान्य शर्त राखि पेश गरिएका बोलपत्र उपर कुनै कार्यवाही गरिने छैन ।
९. बोलपत्रदाताले आफ्नो नेपाली नागरिकताको प्रमाण–पत्र वा कानुन बमोजिम दर्ता भएको संस्था फर्म वा कम्पनी भए सो को दर्ता प्रमाण–पत्र र स्थायी लेखा नम्बर प्रमाण पत्रको फोटोकपी संलग्न गरेको हुनुपर्नेछ ।
१०. बोलपत्र स्वीकृत भएको जानकारी पाएको पत्रको मितिले एक्काईस (२१) दिनभित्र धरौटी राखेको बाहेकको बाँकी रकम यस बैंकमा जम्मा गर्नु पर्नेछ । तोकिएको अवधिमा रकम जम्मा नगरेमा धरौटी वापत जम्मा गरेको रकम जफत हुनेछ। बोलपत्र अस्वीकृत भएमा धरौटी रकम फिर्ता गरिनेछ र यस रकममा कुनै ब्याज दिइने छैन ।
११. स्वीकृत भएको बोलपत्रदाताले स्वीकृत बोलपत्र बमोजिमको सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ र सो गर्दा कानुन बमोजिम लाग्ने नामसारी दे-दस्तुर लगायतका अन्य खर्चहरु आदि बोलपत्रदाताले नै बेहोर्नु पर्नेछ ।
१२. बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय वा सम्बन्धित शाखा कार्यालयहरुबाट रु.१,००० तिरी प्राप्त गर्न सकिनेछ उक्त धरौटी रकम फिर्ता हुने छैन ।
१३. बोलपत्र बमोजिम बिक्री गरिने सम्पत्ति हेर्न, निरीक्षण गर्न र सो बारे अन्य थप कुरा बुझ्न परेमा कार्यालय समय भित्र बैंकको केन्द्रीय कार्यालय, क्षेत्रीय कार्यालयहरु वा सम्बन्धित शाखा कार्यालयहरुमा सम्पर्क राख्न सकिनेछ ।



### देवचुली नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### प्रगतिनगर, नवलपरासी (बर्दघाट, सुस्ता पूर्व)
### गण्डकी प्रदेश, नेपाल

### कवाडी निकासी कर संकलनको लागि बोलपत्र आव्हानको सूचना

**दोस्रो पटक प्रकाशित मितिः- २०८२/०५/०२**

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६१ अनुसार देवचुली नगरपालिकाको क्षेत्र भित्र उत्सर्जन भई संकलन भएका कवाडी मालसमान निकासी करको लागि आर्थिक वर्ष ८२।८३ को (असोज देखि असार सम्म) लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक भएका फर्म/ कम्पनीबाट (स्वयम घोषणा पत्र, मू.अ.कर दर्ता प्रमाणपत्र, आ.व.२०८१/०८२ सम्मको फर्म नवीकरण, आ.व. २०८०/८१ को आयकर चुक्ता प्रमाण पत्र सहित) यो सूचना प्रकाशित मितिले १६ औ दिनको १२ बजे भित्र https://bolpatra.gov.np/egp मार्फत बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। अन्य थप जानकारी कार्यालयको वेभसाईटमा प्रकाशित गरिएको छ।

| सि. नं. | सुचना नं / बोलपत्र नं . | बोलपत्रको नाम | न्युनतम बोलपत्र रकम (मु .अ . कर बाहेक ) | धरौटी रकम | बोलपत्र दस्तुर (फिर्ता नहुने गरी ) |
|---|---|---|---|---|---|
| १ | 01/DEV/NCB/ IR/2082/83(2ndtime) | Procurement of collection of scrap export tax in Devchuli Municipality For F/Y 2082/83 (2nd time) | रु २३,६८,३२३। | बोलकबोल रकमको ५ प्रतिशत | रु ३,०००। |

**प्रमुख प्रशासकिय अधिकृत**


### पुटिनलाई मेलानियाको पत्र

# 'तपाईंले बच्चाहरूको खुसी फिर्ता ल्याउन सक्नुहुन्छ'



■ एजेन्सी

वासिंगटन। अमेरिकाको अलास्कामा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनबीच शुक्रबार भएको छलफलले विश्वको ध्यान खिच्यो। ट्रम्पले यो छलफललाई 'उपयोगी' बताउँदै युक्रेन युद्धलाई अन्त्य गर्न कैयौं मुद्दामा सहमति बनेको बताए।

तर यो हाई-प्रोफाइल छलफलपछि ट्रम्पले पत्नी मेलानिया ट्रम्पद्वारा लिखित एक 'शान्ति पत्र' पुटिनलाई दिएपछि त्यो पत्रप्रति सबैको चासो बढ्यो। स्लोभेनियामा जन्मिएकी मेलानिया अलास्का भ्रमणमा थिइनन्। तर उनले पत्रमार्फत पुटिनसँग बच्चा र आउने पुस्ताको सुरक्षाको अपिल गरेकी थिइन्। युक्रेनले रुसले आफ्ना १९ हजार ५०० बालबालिकाको अपहरण गरेको आरोप लगाएको केही समयपछि मेलानियाले पत्र लेखेकी हुन्।

'प्रिय राष्ट्रपति पुटिन, हरेक बच्चाले आफ्नो मनमा एउटै सपना सजाएका हुन्छन्, चाहे ती गाउँमा जन्मिएका हुन् अथवा सहरको चमकधमकमा। उनीहरू प्रेम, सम्भावना र खतराबाट सुरक्षाको सपना देख्छन्,' मेलानियाले पत्रमा लेखेकी छन्, 'मातापिताका रूपमा हामीले आगामी पुस्ताको आशालाई पालन गर्नुपर्छ। नेताको रूपमा हाम्रो जिम्मेवारी केही मानिसको सुविधाभन्दा अगाडि छ। हामीले एक सम्मानपूर्ण विश्व बनाउनुपर्नेछ। जहाँ जोकोही शान्तिसँग बसुन् र भविष्य सुरक्षित गरुन्।'

पत्रमा उनले राजनीतिभन्दा माथि बालबालिकाको निर्दोषपनलाई उल्लेख गरेकी छन्। उनले लेखेकी छन्, 'मिस्टर पुटिन, यहाँ एक साधारण तर गहिरो विचार छ। हरेक पुस्ताका बालबालिका भूगोल, सरकार या विचारधाराभन्दा माथि निर्दोषपनका साथ जीवन सुरु गर्छन्। आजको विश्वमा केही बच्चा अँध्यारोमा पनि हाँस्छन्। तर मिस्टर पुटिन, तपाईं एक्लै उनीहरूको खुसी फिर्ता ल्याउन सक्नुहुन्छ। यी बालबालिकाको निर्दोषपनलाई बचाएर तपाईं रुसको मात्र होइन, पूरा मानवताको सेवा गर्नुहुनेछ। यो एक साहसिक विचार हो, जो सबै विभाजनभन्दा माथि छ। र यसलाई तपाईं आजै आफ्नो कलमबाट लागू गर्न सक्नुहुन्छ। अब समय आएको छ।'

मेलानिया रुस र युक्रेनसँग जोडिएको अमेरिकी नीतिमा संलग्न छिन्। उनले पति डोनाल्डलाई किभ(युक्रेन)लाई अधिक सैन्य सहयोग गर्न र रुसमाथि कठोरपन अपनाउन प्रेरित गरेकी थिइन्। राष्ट्रपति ट्रम्पले पुटिनलाई दुईबीचको बैठकभन्दा केही समयअघि दिएका थिए।

यसरी सम्पूर्ण कानुन निर्माण प्रक्रियामा स्वार्थ समूह हाबी हुँदा संसद्को कामले गति लिन सकेको छैन। सरकार र संसद् स्वयंले स्वार्थ समूहलाई प्रवेश दिने गरेको र जानाजान प्रयोग हुने गरेका कारण कानुन निर्माणमा समस्या आउने गरेको सरोकारवालाले बताउने गरेका छन्।

#### कर्मचारी र राजनीतिक नेतृत्वका आफ्नै स्वार्थ

प्रशासन संयन्त्र निष्पक्ष नहुने, सरकारका मन्त्रीहरूको आ-आफ्नो स्वार्थ हुनु, सांसदहरू इमानदार र चनाखो नहुनुजस्ता कारणले कानुन निर्माणमा स्वार्थ समूह हाबी भएको उनको भनाइ छ। 'कानुन निर्माणमा राष्ट्रको सार्वभौम शक्ति संसद्भन्दा अरू शक्तिहरू हाबी भएका छन्,' उनले भने, 'जनताभन्दा बाहिरको शक्ति, बाह्य शक्ति, गैरसरकारी संघसंस्था, कर्मचारी संयन्त्र र राजनीतिक शक्ति पनि कहीँ न कहीँ स्वार्थ समूह हुन्।'

उनले कानुन निर्माणको मस्यौदादेखि नै पारदर्शी बनाउनुपर्नेमा जोड दिए। जनतासँगको परामर्श खुला बनाउनुपर्ने उनको भनाइ छ। सांसदहरू कसैको प्रभावमा पर्नुनहुने बताउँदै उनी भन्छन्, 'कानुन निर्माणमा सरकार, कर्मचारी, बाह्य शक्ति र कुनै संस्थाको प्रभाव र नियन्त्रण हुनुहुँदैन। संसद्को नियन्त्रण हुनुपर्छ। तर, नेपालको संसद्ले त्यो नियन्त्रण कायम राख्न सकेन।

#### नियतवश नै राखिन्छ कानुनमा छिद्र

त्यस्तै, कानुन निर्माणका क्रममा स्पष्ट र मूर्त भाषामा नराखी विरोधाभाषपूर्ण शब्दहरू राख्ने र पछि आफूअनुकूल व्याख्या र प्रयोग गर्ने गरिएको उनको भनाइ छ। 'विरोधाभाषपूर्ण शब्दावली 'उचित प्रक्रिया पूरा गराएर,' 'सारभूत रूपमा प्रभावग्राही देखिएमा,' 'न्यायोचित प्रक्रियाबाट' जस्ता वस्तुगत नभई मनोगत शब्द राखिन्छ,' उनले भने, 'अन्जान रूपमा यस्ता शब्दहरू राखिएका होइनन्। प्रायोजित रूपमा राखिएका हुन्।'

उनका अनुसार आनुसांगिकता मिलाउँदा पनि छिद्र पारिन्छ र सो छिद्र आफूअनुकूलको समयमा तोडमरोड गरेर प्रयोग गर्ने गरिन्छ। 'विशिष्टीकृत रूपमा नराखी जता व्याख्या गर्दा पनि हुने, मनको तराजु ढल्किने ठाउँ छाडिएको हुन्छ,' उनले भने। कानुन मस्यौदाको चरणमा स्वार्थ समूह कर्मचारीमार्फत् हाबी हुने र छलफलपछिका सबै चरणमा सांसदहरूमार्फत् हाबी हुने उनले उल्लेख गरे।

## हामी फर्किएपछि...

उनले दाजु पढ्नका लागि आएको र उसको कसैसँग दुश्मनी नरहेको बताइन्। ७ अक्टोबर, २०२३ मा हमासको आक्रमणमा परी किबुट्ज अलुमिमबाट अपहरित विपिनको रिहाइको पहल गर्न उनकी बहिनी र आमा पहिलो पटक इजरायल पुगेका छन्। विपिन इजरायलमा कृषि विषय अध्ययनरत थिए। तेल अभिभको होस्टेज स्क्वायरमा भएको प्रदर्शनमा पुष्पाले रोम ब्रास्लाभस्की र एभ्याटर डेभिडको हालै सार्वजनिक भिडियोले आफूहरूको इजरायल भ्रमणका लागि प्रेरणाको स्रोत भएको बताइन्। भिडियोमा २ बन्धकको कमजोर र स्वास्थ्य अवस्था खराब रहेको देखिएको थियो।

कार्यक्रममा इजरायलका लागि नेपाली राजदूत धनप्रसाद पण्डितले आफूहरूले ५० जना बन्धक एकै पटक चाँडै रिहा भएको हेर्न चाहेको बताए। 'तिनीहरू सबैलाई क्रुरतापूर्वक अपहरण गरिएको थियो। तिनीहरू सुरक्षित रूपमा परिवारमाझ फर्कनुपर्छ,' पण्डितले भने। उनले नेपाल सरकार अझै पनि विपिनको अवस्थाबारे निश्चित नभएको बताउँदै यो ठुलो चिन्ताको विषय भएको जनाए।

## प्रदेशलाई सडक...

'स्रोत संघमै हुने, तर सडक मात्र प्रदेश मातहत रह्यो भने समस्या हुन्छ। बजेट बनिसकेपछि सडक हस्तान्तरण हुँदा सडकको दायित्व कसरी पूरा गर्न सकिन्छ ?,' प्रदेश सचिव श्रेष्ठ भन्छन्, 'सडकले बोक्ने दायित्व र प्रदेशको स्रोत हेरेर मात्र हस्तान्तरण प्रक्रिया अघि बढाउनुपर्छ। नत्र संघीयता कार्यान्वयनको नाममा झन् भद्रगोल हुन सक्छ।'

#### 'सबै सडक संघले ओगट्नु हुँदैन'

संविधानमै प्रदेश लोकमार्ग प्रदेश मातहत र स्थानीय सडक र ग्रामीण सडक स्थानीय तह मातहत रहने व्यवस्था गरिएको छ। तर, संघीयता कार्यान्वयनको ८ वर्षसम्म पनि अधिकांश सडक संघले नै ओगट्दै आएको छ। जसकारण बेलाबेला संघ सरकारसँग प्रदेश र स्थानीय तहको टसल देखिने गरेको छ। ३ तहका सरकार कुनसँग कस्ता सडक रहने भनेर अहिले कुनै स्पष्ट प्रावधान छैन।

संघीय संरचनाअनुसार हुने गरी सरकारले २०७६ सालमा देशभरका सडकलाई वर्गीकरण गरेको थियो। तर, उक्त वर्गीकरणकै कारण धेरैजसो सडकमा क्षेत्राधिकार विवाद छ । एउटै सडक आयोजनामा संघ, प्रदेश तथा स्थानीय तहले बजेट छुट्याउने गर्दा 'डुप्लिकेसन' हुने गरेको छ। कुनै सडकलाई तीनै तहका सरकारले हेर्ने र कुनै सडकमा कसैको पनि ध्यान नपुग्दा अलमल देखिएको छ। सोही समस्या समाधान गर्दै एउटा सडकलाई एउटा मात्रै सरकारले निर्माण र सञ्चालन गर्ने गरी वर्गीकरण गर्न भन्दै भौतिक मन्त्रालयले 'सार्वजनिक सडकसम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१' को मस्यौदा तयार पारेको थियो। तर, उक्त मस्यौदा अहिले मन्त्रालयमै थन्किएको छ।

संघीय संरचनाअनुसार नै सडक हस्तान्तरण हुनुपर्ने र सबै सडक संघले च्यापेर राख्न नहुने भौतिक मन्त्रालयका सचिव शर्मा बताउँछन्। 'अहिले राष्ट्रिय राजमार्ग भनेर परिभाषित गरेभन्दा अरूमा संघ अल्झिनु हुन्न। कुनै महत्वपूर्ण त्यस्ता सडक छन् भने पनि राष्ट्रिय राजमार्गको परिभाषामै संशोधन गरे हुन्छ,' सचिव शर्मा भन्छन्, 'संघभित्र राख्न आवश्यक कुनै सडक छ भने स्पष्ट व्याख्या गरौं, तर ओगट्ने काम गर्नुहुँदैन।'

## आइभिएफका नाममा...

केही समयअघि मन्त्रालयले गरेको अनुगमनमा स्त्री रोग सेवा, बहिरंग सेवा, युएसजी सेवा, अप्रेसन थिएटर, इम्ब्रोलोजी प्रयोगशाला जस्ता न्यूनतम आधारभूत पूर्वाधार नभएका आइभिएफ सेन्टर सञ्चालनमा रहेको पाइएको थियो। अनुमति लिएका अधिकांशले पनि आवश्यक मापदण्ड पूरा नगरेको भेटिएपछि मापदण्डको आवश्यकताबोध भएको मन्त्रालयले जनाएको छ। प्रवक्ता बुढाथोकीका अनुसार दर्ता भइसकेका २६ वटा सेन्टरलाई ९० दिनभित्र स्वीकृतिका लागि निवेदन दिन भनिएको छ भने बाँकीलाई यथाशक्य चाँडो दर्ता हुन भनिएको छ।

प्रवक्ता बुढाथोकीले शुल्क पनि अब मन्त्रालयले तोक्ने र तोकिएभन्दा कम लिन पाउने भए पनि बढी लिए कारबाही हुने बताए। स्वीकृत मापदण्डमा अब कुनै पनि व्यक्तिलाई प्रलोभन र दबाबमा पारेर शुक्रकिट र अण्डा कारोबार गर्न नपाइने उनले बताए।

#### के छ मापदण्डमा ?

अब निःसन्तानको समस्या भोगिरहेका व्यक्तिलाई २० देखि ३५ वर्ष उमेर समूहसम्मका महिला वा पुरुषले शुक्रकिट र अण्डा दान गर्न पाउनेछन्। वीर्यदाताले अधिकतम १० पटक र कम्तीमा १५ दिनको फरकमा मात्र दान गर्न पाउनेछन् भने अण्डदाताले अधिकतम ६ पटक र ३ महिनाको फरकमा मात्र दान गर्न पाउने व्यवस्था गरिएको छ। दाताको परिचय गोप्य राखिनेछ र कुनै प्रलोभन वा दबाबमा पारेर दान गर्न निषेध गरिएको छ। वीर्य वा अण्डदाताको उमेर २०-३५ वर्षको बीचमा हुनुपर्ने र कुनै सरुवा रोग नभएको परीक्षणले प्रमाणित गर्नुपर्नेछ। विवाहितको हकमा दम्पती दुवैको लिखित मञ्जुरी अनिवार्य उल्लेख गरिएको छ। दाताको परिचय पूर्ण रूपमा गोप्य राख्नुपर्ने व्यवस्था गरिएको छ।

यस्तै संस्था/कम्पनी दर्ताको प्रमाणपत्र, स्थायी लेखा नम्बर, संस्थाको विधान, जनशक्तिको योग्यता र सम्बन्धित काउन्सिलको दर्ता प्रमाणपत्र, भौतिक पूर्वाधार र उपकरणको विस्तृत विवरण र भवन निर्माण सम्पन्न प्रमाणपत्रलगायत कानुनी, वित्तीय तथा प्राविधिक कागजातसहित सञ्चालनको अनुमति लिनुपर्नेछ। कुनै पनि गैरसरकारी वा निजी स्वास्थ्य संस्थाले मन्त्रालय वा तोकिएको निकायबाट अनुमति नलिई आइयुआई तथा आइभिएफ सेवा सञ्चालन गर्न पाउनेछैनन्। मापदण्ड पूरा नगर्ने, नवीकरण नगराउने वा निर्देशन पालना नगर्ने संस्थाको सेवा मन्त्रालयले बन्द गर्न वा अनुमति खारेज गर्न सक्नेछ।

अनुमतिप्राप्त केन्द्रमा निःसन्तान रोग विशेषज्ञ, तालिम प्राप्त इम्ब्रायोलोजिस्ट र एनेस्थेसियोलोजिस्टलगायत दक्ष जनशक्ति अनिवार्य हुनुपर्नेछ। यसबाहेक विशिष्टीकृत एन्ड्रोलोजी तथा इम्ब्रायोलोजी प्रयोगशाला, शल्यक्रिया कक्ष र आकस्मिक सघन उपचार कक्षलगायत व्यवस्था हुनुपर्नेछ। भ्रूणको विकासमा प्रत्यक्ष असर पार्ने प्रयोगशाला र शल्यक्रिया कक्षको वातावरणीय गुणस्तरका लागि प्राविधिक मापदण्ड तोकिएको छ।

त्यसैगरी प्रत्येक संस्थाले १० प्रतिशत सेवा गरिब तथा विपन्न वर्गलाई निःशुल्क उपलब्ध गराउनुपर्नेछ। मापदण्डअनुसार 'नवीकरणका लागि निवेदन नदिने, निर्धारित अवधिभित्र मापदण्ड पूरा नगर्ने, नियमित प्रतिवेदन नगर्ने, अनुगमनका क्रममा दिइएका निर्देशन पालना नगर्ने गैरसरकारी वा निजी स्वास्थ्य संस्थाको निःसन्तान व्यवस्थापनसम्बन्धी सेवा मन्त्रालयले तत्काल बन्द गर्न सक्नेछ। यो मापदण्डले नेपालमा निःसन्तान उपचार सेवा र यसका लागि आवश्यक प्रयोगशाला, जनशक्ति व्यवस्थापन तथा संवेदनशील मानिएको शुक्रकिट तथा अण्डा दान (डोनर) प्रक्रिया थप व्यवस्थित हुने स्वास्थ्यमन्त्री प्रदीप पौडेलको भनाइ छ।

#### सिआइबीको अनुसन्धानपछि खुल्यो अवैध कारोबारको रहस्य

विगत लामो समयदेखि निःसन्तान दम्पतीलाई सन्तान प्राप्तिमा सहयोग गर्ने भन्दै प्रलोभन देखाई किशोरीहरूबाट डिम्ब संकलन गरी अवैध कारोबार हुँदै आएको तथ्य केही समयअघि सार्वजनिक भएको थियो। एक ग्राहकबाट १८ लाख रुपैयाँसम्म असुलेको, तर डिम्ब दिने किशोरीहरूलाई भने केवल १० हजार रुपैयाँ मात्र दिइने गरेको घटना बाहिरिएको थियो। नेपाल प्रहरीको सिआइबीका अनुसार यस्तो अवैध कारोबार बबरमहलस्थित होप फर्टिलिटी एन्ड डाइग्नोस्टिक क्लिनिक र महाराजगन्जस्थित एन्जल फर्टिलिटी क्लिनिकमार्फत् भइरहेको थियो।

दुवै क्लिनिकका सञ्चालकहरूमा डा. स्वस्ति शर्मा, डा. मलिनी चौधरीलगायतलाई सिआइबीले पक्राउ पनि गरेको थियो । यस्तै, घटनामा जोडिएका २४ वर्षीयन अलिसा वली, २० वर्षीया जस्टिना प्रधान, १९ वर्षीया सविना गुरुङ, २८ वर्षीय सकिल भण्डारी र ३५ वर्षीय डा. असीम अधिकारीलाई पनि पक्राउ गरेको थियो।